# प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन २०७९
# दैनिक अनुगमन प्रतिवेदन
# २०७९ कात्तिक २७ गते आइतबार

आगामी मंसिर ४ गते हुने प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन आउन सात दिन बाँकी रहेको छ । निर्वाचन आयोगल प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई गृह मन्त्रालयमार्फत राजनीतिक दल तथा उम्मेदवारलाई स्वतन्त्रतापूर्वक निर्वाधरूपमा प्रचारप्रसार गर्ने वातावरण बनाउन निर्देशन दिएको छ । साथै आयोगले निर्वाचनमा खटिएका कर्मचारी, अनुगमनकर्ता, पर्यवेक्षक एवं आम मतदातालाई आवश्यक सुरक्षाको प्रत्याभूतिसहित स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचनमा सहभागी हुने उपयुक्त वातावरण तयार गर्न पनि निर्देशन दिएको आयोगका प्रवक्ता एवम् सहायक प्रवक्ता कमलराज भट्टराईले जानकारी दिए ।

उनका अनुसार चितवनलगायत विभिन्न जिल्लामा उम्मेदवारले निर्वाधरूपले प्रचारप्रसार गर्ने कार्यमा अवरोध तथा निर्वाचनमा सहभागी पक्षबीच विवाद भई सवारी साधन तोडफोड भएको घटनाप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको जनाउँदै यस्तो निर्देशन दिएको हो । सबै राजनीतिक दल एवं सबै उम्मेदवारलाई निर्वाधरूपमा प्रचारप्रसार गर्ने वातावरण सिर्जना गर्न आयोगले यस्तो निर्देशन दिएको हो ।

आयोगले निर्वाचन आचारसंहिता, २०७९ को दफा १३ को खण्ड ख बमोजिम स्थानीय प्रशासनको अनुमति नलिई सार्वजनिक स्थलमा कुनै किसिमको जुलुस, आमसभा, कोणसभा वा भेला नगर्न नपाइने व्यवस्था छ । सोही दफाको खण्ड च बमोजिम एकभन्दा बढी राजनीतिक दल, उम्मेदवार वा भातृ सङ्गठनले एकै समयमा एउटै स्थान वा मार्गमा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्न नपाइने व्यवस्था छ ।
त्यस्तो अवस्थामा स्थानीय प्रशासनले त्यस्तो कार्यक्रम गर्ने स्थल वा मार्ग परिवर्तन गर्न दिएको निर्देशन पालना गरी आपसी विवाद वा द्वन्द्वको अवस्था सृजना नगर्न पनि आयोगले सम्बन्धित सबैलाई आग्रह गरेको छ ।

**लुम्बिनी प्रदेश**

**कपिलवस्तु प्रतिनिधि पार्वती आचार्यका**अनुसार आगामी मङ्सिर ४ गते सम्पन्न हुने प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनका लागि ठूला तथा साना राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूले निर्वाचन आचार संहिता विपरीत प्रचार प्रसार गरेको पाइएको छ । प्रतिनिधि सभामा तीन वटा निर्वाचन क्षेत्र र प्रदेश सभा अन्तर्गत ६ वटा निर्वाचन क्षेत्र रहेको कपिलवस्तु जिल्लाको क्षेत्र नं. १ को विभिन्न स्थानहरूमा गठबन्धनका नेता, कार्यकर्ता तथा उम्मेदवारहरूले आफूहरू सवार गाडीमा व्यानर, झण्डा लगायतका सामग्रीहरू प्रयोग गरेको पाइएको छ भने ठूलाठूला ब्यानर, झण्डा, पर्चा तथा गाडी, अटोरिक्सा, मोटरसाइकल, साइकल लगायतमा झण्डा फहराउँदै प्रचार प्रसार गर्दै हिँडेको पाइएको छ ।

**बर्दिया जिल्ला प्रतिनिधि मानबहादुर चौधरी**का अनुसार निर्वाचन आचार संहिता विपरीत सार्वजनिक स्थलमा राजनीतिक दलका झण्डा र उम्मेदवारको चुनाव चिन्ह अंकित तोरण प्रयोग गरेका छन् । बर्दियाको क्षेत्र नं २ को (ख) गेरुवा गाउँपालिका र राजारापुर नगरपालिकाको विभिन्न ठाउँमा

सार्बजनिक स्थलमा चुनाव चिन्ह अंकित तोरण प्रयोग गरेको पाइएको हो । निर्वाचन आचार संहिता ०७९ को परिच्छेद ४ को धारा १३ को उपधारा १(थ)मा दलको भण्डाको वा दल वा उम्मेदवारको चुनाव चिन्हको तोरण बनाइ सार्वजनिक प्रदर्शन गर्न वा गराउन नहुने उल्लेख रहेको छ । आचार संहिता विपरीत सार्वजनिक स्थलमा राजनीतिक दलका उमेदवारले चुनाव चिन्ह अंकित तोरण प्रयोग गरेको बारेमा जिल्ला निर्वाचन कार्यालयले अनुगमन गरी सम्बन्धित उम्मेदवारलाई कारबाही पनि गरेको छैन ।

**प्यूठान जिल्ला प्रतिनिधि रविन्द्र पाण्डे**का अनुसार निर्वाचन विरोधि दलहरू नेकपा (क्रान्तिकारी माओवादी), नेकपा मशाल र नेकपा बहुमतदे प्यूठान नपा– ४ जुम्रीमा पत्रकार सम्मेलन गरेका छन् । मङ्सिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन सशक्तरूपमा बहिष्कार गर्न सम्पूर्ण प्यूठानी जनतालाई आग्रह गरेको नेकपा (क्रान्तिकारी माओवादी), प्यूठान जिल्ला इन्चार्ज टिकाराम पोखरेलले बताउनु भयो । जिल्लामा अहिलेसम्म विभिन्न दलका उम्मेदवार र नेता तथा कार्यकर्ताले शान्तिपूर्ण रुपमा मतदातासँग मत मागिरहेका छन् ।

**मधेस प्रदेश**

**सप्तरी प्रतिनिधि मनोहरकुमार पोखरेलका अनुसार** निर्वाचन आयोगले विदेशी नम्बर प्लेटको गाडी प्रयोग गर्न निषेध गरे पनि जिल्लामा उम्मेदवारहरूले भने निर्वाध प्रयोग गरिरहेका छन् । सप्तरीमा नेपाली काँग्रेस, राप्रपा नेपालले पार्टी झण्डा र चुनाव चिन्हसहितको भारतीय नम्बर प्लेटको गाडी गुडाइरहेको पाइएको छ । झण्डा लागेको बि आर ११ पि बी ८२३५ नम्बरको भारतीय नम्बर प्लेटको गाडी काँग्रेसले र बि आर १० पि बी १०२०६ नम्बरको भारतीय नम्बर प्लेटको गाडी राप्रपा नेपालले प्रचार प्रसारमा प्रयोग गरिरहेको छ ।

पार्टीको झण्डा र चुनाव चिन्ह राखेर सार्वजनिक स्थलमा गुडाउन निषेध गरिएको निर्वाचन आयोगले जनाएको छ । निर्वाचन प्रचार-प्रसारमा भारतीय गाडीको प्रयोगमा नेपाली गाडी व्यापारीहरूले समेत आपत्ति जनाएका छन् । चालक महेन्द्र यादवले नेपालको निर्वाचनमा दलहरूले नै भारतीय गाडी प्रयोग गर्नु गलत भएको बताउनु भयो । पर्यटक र दैनिक प्रयोगमा आउने सामाग्रीको ओसारपसार प्रयोजनका लागि भारतीय गाडी प्रयोग भए राम्रै हो तर यहाँको व्यापार प्रभावित पार्ने गरी आचारसंहिता विपरीत चलेका भारतीय गाडीहरूमाथि रोक लगाउनु पर्ने गाडी धनी अशोक यादवले बताउनु भयो । अनुमति नलिएका दर्जनौं गाडी, मोटरसाइकलहरू झण्डा र चुनाव चिन्हसहित लश्करै कुदिरहेका छन् । राजविराज ६ का संजश शर्माले आचार संहिता विपरित गाडीहरूको दुरुपयोगले वायु प्रदुषण र ध्वनी प्रदुषण समेत भएको गुनासो गर्नु भयो ।

**रौतहट प्रतिनिधि कोपिला तिमल्सिनाका अनुसार** प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा उम्मेदवारी दिएका प्रमुख सबै दलहरूबाट निर्वाचन आचारसंहिता उल्लङ्घन भएको पाइन्छ । नेकपा समाजवादीका प्रदेश सभाका उम्मेदवार बनेका क्षेत्र नं. ४ "क" प्रदेश सभा सदस्य बालकृष्ण श्रेष्ठको चन्द्रपुर नपा-३ गैडाटारमा निस्केको ऱ्यालीमा १ सय ५० जना भन्दा बढीको सहभागिता रहेको थियो । त्यस्तै नेकपा एमाले चन्द्रपुर नपा-५ मा निस्केको ऱ्यालीमा सय जना भन्दा बढी सहभागिता रहेको थियो । त्यस्तै क्षेत्र नं ४ का गठबन्धनका प्रतिनिधि सभाका उम्मेदवार देव प्रसाद तिमल्सिना र युवराज भट्टराइको संयुक्त ऱ्यालीमा करीब २ सय भन्दा बढीको उपस्थिति रहेको थियो । निर्वाचन आयोगले २५ जना भन्दा बढी सभा जुलुसमा सहभागी हुन अनुमति नदिए पनि सबै दलहरूले डिजे बाजासहित सय जना भन्दा बढी र ठुला-ठुला व्यानरसहित सभा सम्मेलन तथा जुलुसहरू गरीरहेका छन् । जिल्ला निर्वाचन अधिकारी छोटेलाल दाससँग यस विषयमा कुराकानी गर्दा निर्वाचन आचारसंहिता उल्लङ्घन मौखिक उजुरी तथा

जानकारी आउन थालेपछि दुई तीन दिनदेखि व्यानर तथा अन्य गतिविधिहरूलाई रोकथाम गरीरहेको बताउनु भयो ।

**सुदूरपश्चिम प्रदेश**

**इन्सेक कञ्चनपुर प्रतिनिधि लिली कुँवर**का निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको भन्दै भीमदत्त नगरपालिकाका प्रमुख निलम लेखक र उपप्रमुख पदम बोगटीलगायत आठ जना विरुद्ध जिल्ला निर्वाचन कार्यालयमा उजुरी परेको छ । भीमदत्त नगरपालिकाका आठ जना जनप्रतिनिधिहरू विरुद्ध उजुरी परेकोले आचारसंहिता अनुगमन समितिले छानबिन गरिहेको र उजुरी पुष्टि भए निर्वाचन कानुन अनुसार कार्वाही गरिने जिल्ला आचारसंहिता उल्लङ्घन समितिका संयोजक विष्णुदत्त जोशीले बताउनु भयो । स्थानीय तहका प्रमुख उपप्रमुख, वडा अध्यक्ष र सदस्यहरूले निर्वाचन आचारसंहिता विपरीत आफ्नो स्थानीय तहमा उम्मेदवारको पक्षमा प्रचारप्रसारमा हिडेको तथा कर्मचारीले सामाजिक सञ्जालबाट उम्मेदवारको पक्षमा मत मागेको प्रमाण र फोटोहरू सहित उजुरी परेको संयोजक जोशीले बताउनु भयो ।

यसैगरी आचारसंहिताको परिच्छेद २ को ‘ज’ मा कसैको निजी घरजग्गा वा सार्वजनिक भवन, सार्वजनिक उद्यान, सार्वजनिक सडकका पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिन्ह राख्न टाँस्न नहुने उल्लेख गरेको भए पनि राजनीतिक दलहरूको पालना नगरेको पाइएको छ । आचारसंहिता विपरीत तोकिएको आकार, संख्या र मापदण्ड विपरीत व्यक्तिको घरको भित्तामा उम्मेदवारको फोटो टाँस्ने गरेको अनुगमनका क्रममा पाइएको हो । लोकतान्त्रिक समाजवादी पार्टीबाट समानुपातिक उम्मेदवार रहनु भएकी प्रेमवति रानाको तस्बिर अंकित प्रचारप्रसार सामग्री बेलौरीनगरपालिका-१० भुडामा मतदाताको घरको भित्तामा टाँसेको पाइएको छ । उम्मेदवारको पोष्टर टासिएको जानकारी आएपछि तत्काल हटाउन निर्देशन दिइएको निर्वाचन कार्यालयका सूचना अधिकारी भानबहादुर महरले बताउनु भयो ।

**डडेल्धुरा जिल्ला प्रतिनिधि भुपेन्द्र बिष्टका अनुसार** निर्वाचन आचारसंहिता विपरीतका गतिविधिमा कमी आउन सकेको छैन । पाँच दलीय गठबन्धनकातर्फबाट प्रतिनिधि सभा सदस्य उम्मेदवार एवं प्रधानमन्त्री शेरबहादुर देउवाको प्रचारप्रसारका कममा गाउँगाउँमा आचारसंहिता विपीरत डिजे साउण्ड प्रयोग गरेर प्रचारप्रसार गरेको अनुगमनका क्रममा पाइएको छ । निर्वाचन आचारसंहिता परिच्छेद ४ को १३ (ढ) मा उम्मेदवार सहभागी दलका भेला, कार्यकम बाहेक अरु अवस्थामा कुनै पनि श्रव्य, दृष्य सामग्रीको प्रयोग गर्न नपाइने उल्लेख छ । तर, निर्वाचनको मिति निजकिँदै जाँदा राजनीतिक दलका कार्यकर्ताहरू गाउँ टोलमा ठूलो आवाज सहितका साउण्ड सिस्टम प्रयोग गरेको पाइएको हो । आचारसंहिता उल्लङ्घनसम्बन्धी उजुरी नपरेको र उजुरी आएको अवस्थामा निर्वाचन ऐन अनुसार कार्वाही गरिने मुख्या निर्वाचन अधिकृत बालकृष्ण वाग्लेले बताउनु भयो ।

**बागमती प्रदेश**

**इन्सेक सिन्धुपाल्चोक जिल्ला प्रतिनिधि नातिबावु धिताल**का अनुसार नेकपा एमाले सिन्धुपाल्चोक क्षेत्र नं. २ प्रदेश सभा ‘क’ का प्रत्यक्ष उम्मेदवार अमानसिंह तामाङलाई ०७९ कात्तिक २५ गते चौतारा साँगाचोकगढी नपा ७ मा घरदैलो कार्यक्रम गरिरहेको अवस्थामा गठबन्धनको तर्फबाट माओवादी केन्द्रका कार्यकर्ताहरूले आक्रमणको प्रयास गरेको भन्दै नेकपा एमाले वडा कमिटीले ०७९ कात्तिक २६ गते विज्ञप्ति जारी गरेर घटनाको विरोध गरेको छ । वडा अध्यक्ष महेश धितालद्वारा जारी विज्ञप्तिमा भनिएको छ “यस्ता व्यवहारले लोकतन्त्रमा उम्मेदवारले जनतासँग भोट माग्ने अधिकार माथि कुठाराधात गरेको ठहर भएको छ । हाम्रो पार्टी सो कार्यको बिरोध गर्दछ ।”

**इन्सेक रसुवा प्रतिनिधि हेमनाथ खतिवडा**का अनुसार उम्मेदवारले भोट माग्ने क्रममा विभिन्न स्थानमा आचार संहिता उल्लङ्घन भएको गुनासो गरे पनि रसुवामा कुनै कारबाही भएको छैन । गठबन्धनका उम्मेदवारहरूले मतदाता प्रभावित गर्ने गरी भोज गरेको तथा कालिका गाउँपालिका-१ मा ग्राङ-पलेप सडक मर्मत तथा सडक निर्माणमा नेपाली कांग्रेसका उम्मेदवार मोहन आचार्यले स्काभेटर प्रयोग गरेको कालिका गापा-१ का दावा फुर्पा तामाङले गुनासो गर्नुभयो । त्यसैगरी सत्ता गठबन्धन मध्येका नेपाली कांग्रेस र माओवादी केन्द्रका उम्मेदवारले विभिन्न सार्वजनिक स्थान तथा गाडीमा प्रचार सामग्री राखेर निर्वाचन आचार संहिताको उल्लङ्घन गरेका छन् ।

**इन्सेक धादिङ प्रतिनिधि सीताराम अधिकार**का अनुसार आचार संहिता विपरीतका क्रियाकलापहरू दिनदिनै भइरहे पनि अनुगमन निकायले ध्यान दिन सकेको छैन । नेकपा एस र नेकपा माओवादी केन्द्रले गाउँगाउँमा रंगीन पोष्टर बनाएर टाँस गरिएको भेटिएको छ । नेकपा एस र नेकपा माओवादी केन्द्र संयुक्त प्रचार गर्दै उम्मेदवारहरूलाई पोष्टर बनाएर घरघरमा पुगेर टाँसिएको हो । बेनिघाटरोराङ गाउँपालिका वडा नम्बर २ मा पोष्टर टाँसिएकोसमेत भेटिएको विष्णु थापाले जानकारी दिनुभएको छ ।

**इन्सेक चितवन प्रतिनिधि दीपेन्द्र अधिकारी**का अनुसार प्रतिनिधिसभा क्षेत्र नम्बर २ का उम्मेदवार रवि लामिछानेको चुनाव प्रचारमा रहेको गाडी कात्तिक २७ गते दिउँसो तोफोड भएको छ । प्रचारको क्रममा इच्छाकामना गाउँपालिका वडा नं ४ स्थित लेवाटारमा बा १४ च ७६८४ नम्बरको सुमो गाडीमा अज्ञात व्यक्तिले तोडफोड गरेको प्रहरीले जनाएको छ । तोडफोडमा संलग्नको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी विजयराज पण्डितले बताउनुभयो ।

**कर्णाली प्रदेश**

**सुर्खेत जिल्ला प्रतिनिधि प्रभाकुमारी रावतका अनुसार** जिल्ला निर्वाचन आयोगले नमुना मतदानलाई तीब्रता दिएको छ । कार्तिक २७ गते आइतबार सुर्खेतको पश्चिममा नमुना मतदानका लागि कर्मचारी पुगेका छन् । मतदाता शिक्षाका विषयमा जानकारी गराउन निर्वाचन कर्मचारी पालिका पालिका मा खटिएको प्रदेश निर्वाचन अधिकृत दुर्गा प्रसाद चालिसेले वताउनु भयो ।

**हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंहका अनुसार** आसन्न मंसिर ४ गते हुने प्रतिनिधि सभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि खटिएका कर्मचारीहरू सम्वन्धित मतदान केन्द्र तर्फ गएका छन् । जिल्ला निर्वाचन कार्यालयले खरिद गर्ने १५ प्रकारका सामग्री र मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट दिने मतपत्र बुझेर कात्तिक २७ गते हुम्लाको दक्षिण क्षेत्र रहेका ताँजकोट र अदानचुली गाउँपालिका भित्रका १३ वटा मतदान केन्द्रका मतदान अधिकृत लगायत कर्मचारी समेत सम्बन्धित स्थलतर्फ खटिएको जिल्ला निर्वाचन कार्यालय हुम्लाका निमित्त जिल्ला निर्वाचन अधिकारी श्यामबहादुर रानाले बताउनु भएको छ ।

**कालीकोट जिल्ला प्रतिनिधि कालीबहादुर मल्लका** यस जिल्लाको प्रदेश क्षेत्र २ मा परिचालन गरिएका मतदान अधिकृत र सहायक मतदान अधिकृतहरूका लागि तालिम कात्तिक २७ गते जिल्ला सदुमुकाम  मान्ममा सम्पन्न भएको छ । ७२ हजार ८० मतदाता रहेको जिल्लामा मतदान केन्द्रका लागि पतपत्र सिलवन्दी गर्ने कार्य पनि सम्पन्न भएको मुख्य निर्वाचन कनार्यालयका नासु श्यामबहादुर शाहीले इन्सेक प्रतिनिधि लाई जानकारी गराउनु भएको छ । उहाका अनुसरा मतदान केन्द्रमा खटिने कर्मचारीहरूलाई नियुक्तिपत्र दिने कार्यको पनि कात्तिक २६ गतेबाट सुरुवात भएको छ ।

**जुम्ला जिल्ला प्रतिनिधि मान दत्त रावलका अनुसार** जुम्ला जिल्लाका एक नगरपालिका र सात गाउँपालिका गरी आठ वटै स्थानीय तहमा मतदाता शिक्षाका लागि नमूना मतदान कार्यक्रम सञ्चालन गरिएको छ । चन्दनाथ नगरपालिकाको नमुना मतदानमा खसेको १०४ मत मध्ये ९१ सदर र १३ मत

बदर भएको छ। सिंजा गाउँपालिकामा खसेको ३७ मतमध्ये २८ सदर र ८ मत बदर भएको छ। कनकासुन्दरीमा खसेको ४८ मध्ये सदर ३६ र १२ मत बदर भएको जनाएको छ।

यस्तै पातारासीमा खसेको ३८ मत मध्ये सदर २४, बदर १४ मत भएको छ। हिमा गाउँपालिकामा खसेको ४२ मत मध्ये सदर ३० मत र १२ मत बदर भएको छ। तातोपानीमा खसेको ५९ मतमध्ये ५० मत सदर र ९ मत बदर, तिलामा खसेको ७२ मतमध्ये ५४ मत सदर र १८ मत बदर, गुठीचौरमा खसेको ७२ मतमध्ये ६० सदर, १२ मत बदर भएको निर्वाचन कार्यालय, जुम्लाले जनाएको छ।

जिल्लाका आठवटै स्थानीय तहमा मतदातालाई मतदान गर्ने तरिका, बदर मत घटाउनका लागि जिल्ला निर्वाचन कार्यालयले नमूना मतदान कार्यक्रम सञ्चालन गरेको जिल्ला निर्वाचन कार्यालय जुम्लाका सूचना अधिकारी अभिनन्द चौलागाईले बताउनुभयो। उहाँले भन्नुभयो"नमूना मतदानले मतदाता शिक्षा तथा बदर मत घटाउन सहयोग गर्छ।" मतदाताले मतदान गर्न जाँदा मतपेटिका तथा अन्य गतिविधिबारे सहज ढङ्गले पूर्वजानकारी दिनका लागि नमूना मतदानको कार्यक्रम सञ्चालन गरिएको हो। स्थानीय तहमा भएको नमुना मतदानको बदर मतपत्र केलाएर हेर्दा छाप लगाएर मतपत्र पट्याउन नजानेको, दुई कोठामा छाप लगाएको र दुई चिह्नमा छाप लगाएको देखिएको निर्वाचन कार्यालयले जनाएको छ। जिल्लाभर जम्मा १०६ मतदान केन्द्र, ८३ वटा मतदानस्थल र दुई अस्थायी मतदानस्थल कायम गरिएको छ। जिल्लामा कुल ६८ हजार छ सय ३८ मतदाता छन। प्रदेशसभा निर्वाचन (क) मा ३६ हजार ७८३ र प्रदेशसभा (ख) मा ३१ हजार ८५५ मतदाता रहेको कार्यालयले जनाएको छ। जिल्लामा एक प्रतिनिधि सभा र दुई प्रदेश सभा सदस्यका लागि निर्वाचन हुँदै छ।

**जाजरकोट जिल्ला प्रतिनिधि दिनेश श्रेष्ठका अनुसार** जिल्ला निर्वाचन कार्यालय जाजरकोटले निर्वाचनमा खटिएका मतदान अधिकृत र सहायक मतदान अधिकृतका लागि ०७९ कात्तिक २६ गते देखी शुरु गरेको अभिमुखीकरण तालिम आज सम्पन्न भएको छ। ०७९ कात्तिक २६ गते जाजरकोटका नलगाड नगरपालिका, बारेकोट गाउँपालिका,कुशे गाउँपालिका र जुनिचाँदे गाउँपालिकाका गरि जम्मा ९२ मतदान केन्द्रका ९२ मतदान अधिकृत र ९२ सहायक मतदान अधिकृत समेत गरी एक सय ८४ जना मतदान अधिकृत र सहायक मतदान अधिकृतको तालिममा सहभागिता रहेको थियो भने ०७९ कत्तिक २७ गते छेडागाड नपा, भेरी नपा र शिवालय गापाको ३९ वटा मतदान स्थलका ७१ मतदान केन्द्रका ७१ मतदान अधिकृत र ७१ सहायक मतदान अधिकृतले तालिम लिएका थिए।

**रुकुम (पश्चिम) जिल्ला मनिषा केसीका अनुसार** आगामी मंसिर ४ गते हुने निर्वाचनका कर्मचारीहरूका लागि निर्वाचनसम्बन्धी तालिम २०७९ कात्तिक २७ गते सम्पन्न भएको छ। कात्तिक २५ गतेबाट सुरु भएको तालिममा दुई सय ८८ जना कर्मचारीले भाग लिएको निर्वाचन कार्यालयका प्रमुख कुमारी रिमा मल्लले जानकारी दिनु भयो।